# छायांनाथ रारा नगरपालिका, मुगु

# र


# युनिसेफ फिल्ड कार्यालय, नेपालगंज बीच सम्झौतापत्र

# जनवरी २०१८-जुन २०२०

## १. पृष्ठभूमि

नेपाल स्थित संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) को कार्यालयले नेपाल सरकारलाई विभिन्न कार्यक्रमहरु मार्फत निरन्तर सहयोग गर्दै आएको छ । यसै सन्दर्भमा वर्तमान पाँच बर्षे राष्ट्रिय कार्ययोजना (सन् २०१८-२०२२) फरवरी २०१८ मा नेपाल सरकार तथा संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) बीच हस्ताक्षर भई कार्यान्वयनमा रहेको छ । उल्लेखित सम्म्झौता अनुरुप गुणस्तरीय बालमैत्री सेवा, सुदृढ हेरचाह, संरक्षण तथा सुरक्षित वातावरण, बालबालिका केन्द्रित नीति तथा श्रोत विनियोजनमा जोड दिई समन्यायिक पहुँचमा अभिवृद्धि तथा सेवाहरुको उपयोगबाट बालबालिकाहरुले अधिकतम लाभ पाउने गरी विभिन्न नतिजाहरुको परिकल्पना गरिएको छ । यस कार्ययोजनाले सेवा प्रवाह, मानव संशाधन, सेवाको गुणस्तर तथा असमान पहुँच, हानिकारक सामाजिक मूल्य मान्यता र अभ्यास एवं आपूर्तिसंग सम्वन्धित चुनौतिहरुलाई सम्बोधन गर्दै बञ्चितिकरण र असमानतालाई सम्बोधन गर्ने लक्ष्य लिएको छ ।

यस राष्ट्रिय कार्ययोजनाका ६ प्रमुख नतिजाहरु छन् जसलाई स्पष्ट लक्ष्य र गुणात्मक तथा परिमाणात्मक सूचकहरूद्वारा मापन गरिनेछ । यी ६ प्रमुख नतिजाहरु निम्नलिखित चित्रमा प्रस्तुत गरिएका छन् :




यस राष्ट्रिय कार्ययोजनाले प्राथमिकीताका आधारमा छनौट भएका विभिन्न गाउँपालिका तथा नगरपालिकाहरूलाई सहायता प्रदान गर्ने लक्ष्य राखेको छ । यसरी छनौट भएका पालिकाहरुमा कार्यक्रम सघनताका आधारमा एकीकृत कार्यक्रम पालिका तथा अन्य पालिकाहरु समाबेस हुनेछन । अधिकार उपयोगिताका दृष्टिकोणले अति वञ्चित पालिकाका रूपमा पहिचान गरिएका एकिकृत कार्यक्रम पालिकाहरूले समन्वयात्मक ढङ्गले सहायता प्राप्त गर्नेछन् । यी पालिकाहरूमा युनिसेफले स्थानीय सरकारको योजना प्रक्रिया तथा कार्यक्षेत्र भित्र छनौट भएका सम्पूर्ण पालिकाहरुमा बहुक्षेत्रीय कार्यक्रमको कार्यान्वयनमा सघाउ पुर्‍याउनेछ । यो सहयोग राष्ट्रिय कार्ययोजनामा आधारित रही पाँच वर्षको अवधिभित्र चरणबद्ध रूपमा उपलब्ध गराइनेछ ।

नेपाल सरकारद्वारा राष्ट्रिय कार्ययोजना अनुमोदन पश्चात् सम्बन्धित मन्त्रालयहरूसंग ३० महिने अवधि (जनवरी २०१८-जुन २०२०) का लागि सङ्घीय तहको बहुबर्षिय कार्ययोजना (Rolling Work Plan) मा हस्ताक्षर गरिएको छ । बहुबर्षिय कार्ययोजनामा सहयोगका प्रकार र सङ्घीय, प्रादेशिक तथा स्थानीय तहमा विभिन्न सहयोगका लागि गरिने स्रोत विनियोजन अनुसार ३० महिने अवधिमा समेटिनुपर्ने पालिकाहरू (एकीकृत कार्यक्रम पालिका तथा अन्य पालिकाहरु ) को सङ्ख्या उल्लेख गरिएको छ ।

हस्ताक्षरित बहुबर्षिय कार्ययोजना अनुरुप तयार पारिएको यो सम्झौतापत्रले सम्बन्धित स्थानीय सरकारसँगको साझेदारीमा युनिसेफको सहयोग अन्तर्गत समेटिएका क्षेत्रमा नतिजाहरू हासिल गर्ने लक्ष्य राखेको छ ।

## २. सम्झौताको उद्देश्य

यस सम्झौतापत्रले वर्तमान राष्ट्रिय कार्ययोजनाको प्रारूपभित्र नेपाल सरकार तथा युनिसेफबीच हस्ताक्षर भइसकेका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग गर्नेछ ।

छायांनाथ रारा नगरपालिका, मुगु र युनिसेफ फिल्ड अफिस, नेपालगंज बीचको सम्झौतापत्रको समग्र उद्देश्य छायाँनाथ रारा नगरपालिका, मुगु कार्यक्रम लागुभएका क्षेत्रमा बालबालिकाको स्थिति सुधार गर्न युनिसेफको सहयोग कार्यान्वयनका लागि परस्पर सहमति जुटाउनु हो । यस सम्झौताले नीति निर्माण, योजना, कार्यक्रम, विधि र जवाफदेहिता, कार्यक्रम कार्यान्वयन र मूल्याङ्कनद्वारा बाल अधिकारको प्रबर्द्धन (बाल बचाउ, बालविकास, बाल सहभागिता र बाल संरक्षण) गर्ने लक्ष्य राखेको छ ।

## ३. साझेदार पालिका, कार्यक्षेत्र तथा लक्षित बजेटसम्बन्धी सङ्क्षिप्त जानकारी

| | | | | |
|---|---|---|---|---|
| **साझेदार संस्थाको जानकारी** | नगरपालिकाको नाम | **छायांनाथ रारा नगरपालिका, मुगु** | | |
| | नगरपालिकाका नगर प्रमुखको नाम, थर | हरि जङ्ग शाही | | |
| | नगरपालिकाका नगर उपप्रमुखको नाम, थर | सुन्तला रोकाया | | |
| | ईमेल | chhayanathraramun@gmail.com | | |
| | सम्पर्क नं (टेलिफोन र मोबाइल) | ०८७- ४६०२५४ | | |
| | कार्यक्रम सम्पर्क व्यक्तिको नाम र थर | **पिताम्बर सारु** | | |
| | ईमेल | chhayanathraramun@gmail.com | | |
| | (टेलिफोन र मोबाइल) | ०८७ ४६०२५३ | | |
| | लक्षित लाभग्राहीहरूको कुल सङ्ख्या | २३१८१ | | |
| **सङ्क्षिप्त कार्यक्रम बजेट** | स्रोत योगदान | रकम (नेपाली रु ) | रकम (अमेरिकी डलर) | % |
| | नगरपालिकाका तर्फबाट | | | |
| | युनिसेफको तर्फ बाट* | ४५,०९९,७५०.०० | ३९८,२३१.७९ | |
| | कुल | | | |

* युनिसेफ - सम्पूर्ण कार्यक्रमहरू सहित

## ४. औचित्य

यस कार्यक्रमबाट निम्न लिखित बिषयगत लक्ष्य हासिल गरिने छ ।

| |
|---|
| स्वास्थ्य : सन् २०२२ सम्ममा नवजात शिशु लगायत बालबालिका र किशोरकिशोरी तथा प्रजनन उमेरका महिलाहरूको प्रभावकारी गुणस्तरीय स्वास्थ्य सेवाको प्रयोगमा सहजता तथा समतामूलक पहुँचमा अभिबृद्धि भएको हुनेछ । |

| |
|---|
| पोषण : सन् २०२२ सम्ममा बालबालिका किशोरी र प्रजनन उमेरका महिलाहरूको पर्याप्त पौष्टिक आहार तथा परिष्कृत पोषण सम्बन्धि व्यवहार ,स्याहार तथा सोको प्रयोगमा परिष्कृत तथा समतामुलक पहुँच हुनेछ । |
| खानेपानी, सरसफाइ तथा स्वच्छता : सन् २०२२ सम्ममा बालबालिका तथा सम्बन्धित परिवारको सुरक्षित तथा दिगो खानेपानी र सरसफाइका सेवाहरुमा समतामुलक पहुँच र प्रयोग भै स्वच्छता वा सम्बन्धि अभ्यास तथा बानि ब्यवहारमा सुधार भएको हुनेछ । |
| शिक्षा : सन् २०२२ सम्ममा सबै बालबालिकाहरूले विशेष गरी अति विपन्न बालबालिकाहरू समावेशी, सुरक्षित र संरक्षीत वातावरणमा पूर्वप्राथमिक तथा आधारभूत शिक्षामा सहज पहुँच, सहभागिता र सिकाइ नतिजाहरूबाट लाभ लिनेछन् । |
| बालसंरक्षण : सन् २०२२ सम्ममा बालबालिका तथा किशोरकिशोरीहरूले सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण प्राप्त गरेका हुनेछन् । |
| सामाजिक नीति, तथ्यांक तथा मूल्याङ्कन : सन् २०२२ सम्ममा बाल गरिबी, सङ्कटासन्नता र बहिस्करणलाई सम्बोधन गर्ने खालका सुदृढ नीति तथा कार्यक्रमहरूबाट बालबालिकाहरूले लाभ लिनेछन् । |
| कार्यक्रमको प्रभावकारिता : अन्तरसम्बन्धित (योजना, विपद् जोखिम न्यूनीकरण र बिकासका लागि सञ्चार( C4D), बालबालिकाहरूको समग्र विकासलाई सहयोग गर्न प्रारम्भिक बालविकास, किशोरकिशोरी विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, अपाङ्गता, विपद् जोखिम न्यूनीकरण, विपद् पूर्वतयारी र जलवायु परिवर्तन अनुकूलनका प्रमुख अन्तरसम्बन्धित मुद्दाहरूलाई सुव्यवस्थित तथा प्रभावकारी ढङ्गले सम्बोधन गरिनेछन् । |

## ५. संस्थागत भूमिका तथा दायित्व

### ५.१ . छायांनाथ रारा नगरपालिको भूमिका

- कार्यक्रमको प्रभावकारी कार्यान्वयन, व्यवस्थापन, समन्वय र अनुगमन ।
- कार्यक्रमको समग्र कार्यान्वयन र समन्वयका लागि सामाजिक इकाई/शाखालाई सम्पर्क शाखाको जिम्मेवारी तोक्ने ।
- कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि योजनामा उल्लेख गरिएका तथा सहमती भैसकेका क्रियाकलापहरूका लागि विनियोजित रकम खर्च गर्ने ।
- छायांनाथ रारा नगरपालिको दिर्घकालीन बाल केन्द्रित कर्यक्रमका लागि नीति, योजना, कार्यक्रम, बजेट र तिनको कार्यान्वयनमा बालअधिकारलाई मूलप्रवाहीकरण गर्ने रणनीति तयार गर्ने ।
- छायांनाथ रारा नगरपालिको प्रादेशिक र सङ्घीय निकायहरूलाई बुझाउनुपर्ने निर्दिष्ट प्रतिवेदनहरूका अतिरिक्त त्रैमासिक रूपमा सम्झौतामा उल्लेख भएअनुसाका फारममा कार्य प्रगति तथा आर्थिक प्रतिवेदन युनिसेफ नेपाललाई बुझाउनु पर्ने ।
- आर्थिक प्रतिवेदन पठाउँदा खर्चविवरण (SOE), FACE form, कार्यक्रमको प्रगति विवरण र नपरपालिकाको पत्रसहित पठाउने ।
- कार्यक्रमका क्रियाकलापको रकम जम्मा हुने कोष, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (LGOA 2017) र लेखापरीक्षण ऐन अनुसार हरेक वर्ष Harmonized Approach to Cash Transfer (HACT) नीति र कार्यविधि अनुसार स्थलगत परिक्षण, अनुगमन र लेखापरीक्षण गरिनुपर्छ र सम्बन्धित निकायहरूलाई जानकारी दिइनुपर्छ ।

UNITED NATIONS CHILDREN'S FUND

## ६. युनिसेफको भूमिका

- युनिसेफ फिल्ड अफिस, नेपालगंजले कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार प्राविधिक सहयोग तथा सुझाव सहित समन्वय गर्नेछ र स्थानीय तहलाई जानकारी दिई कार्यक्रम कार्यान्वयनको अनुगमन गर्नेछ ।
- राष्ट्रिय कार्ययोजनमा निर्दिष्ट नतिजा तथा सूचकहरू हासिल गर्दै राष्ट्रिय योजना आयोग तथा सम्बन्धित मन्त्रालयद्वारा जारी दिग्दर्शन बमोजिम स्थानीय तहले तयार गर्नुपर्ने आवधिक विकास योजना तर्जुमा गर्न युनिसेफले नगरपालिकालाई प्राविधिक सहयोग प्रदान गर्नुका साथै उक्त बिषयमा नगरपालिकाको क्षमता अभिवृद्धि कार्यमा सहयोग गर्नेछ ।
- युनिसेफले तोकेको सम्पर्क व्यक्तिले समयमै रकम निकासा तथा HACT कार्यान्वयन (सूक्ष्म लेखाजोखा, कार्यक्रम अनुगमन, तथ्यगत परीक्षण र निर्धारित लेखापरीक्षण) हुने कुरा सुनिश्चित गर्नेछ ।
- क्षेत्रगत विशेषज्ञहरूसँगको समन्वयमा अनुगमन भ्रमणहरूमा सहभागी हुने र संयुक्त अनुगमन प्रणाली (आधारभूत तथा नतिजामूलक), अवलम्बन तथा आवश्यक सुधारात्मक उपायहरू अपनाउने ।
- नगरपालिकाका निर्वाचित जन प्रतिनिधि, कर्मचारीहरू लगायत सरोकारवालाहरूको क्षमता अभिवृद्धिमा सहयोग गर्ने । यस्तो सहयोग युनिसेफद्वारा तयार पारिने क्षमता विकास सम्बन्धी योजना अन्तर्गत गरिनेछ ।
- स्थानीय तहसँगको सहकार्यमा कार्यक्रम कार्यान्वयनका लागि कार्य योजना तयार गरिनेछ ।

## ७. भुक्तानी

नगरपालिकाले बजेट माग गर्दा आधिकारिक पत्रकासाथ हस्ताक्षर गरिएको FACE फारम र बजेटको विस्तृत विवरण युनिसेफ नेपाललाई पठाउनु पर्नेछ। निकासा गरिएको रकम सीधै स्थानीय सरकारको सञ्चित कोष (बचत कोष) मा स्थानान्तरण गरिनेछ । युनिसेफबाट प्राप्त रकमलाई फेस फारममा तोकिएका क्रियाकलापहरूका लागि प्रयोग गरिने 'शसर्त' अनुदानका रूपमा प्रयोग गरिनुपर्छ । तसर्थ यस्तो अनुदानलाई अन्य कुनै पनि क्रियाकलापमा खर्च गर्न पाइनेछैन ।

यस सम्झौता पत्रमा इकिंत गरिए अनुसारको कार्यक्रमको रकम भुक्तानी बिभिन्न किस्तामा गरिनेछ । यसरी प्राप्त रकमको खर्च ६ महिना अविधि भित्र फछ्यौंट गरिसक्नु पर्नेछ । यदि ६ मिहनाभित्र खर्च फछ्यौंट गर्न नसकेको खण्डमा अर्को किस्ता रकम भुक्तानी हुने छैन ।

## ८. जिन्सी सामान खरीद

युनिसेफले स्थानिय सरकारसँगको सहमतिमा खर्च भएर जाने आवश्यक सामाग्रीहरू (बजेट सिटमा इकिंत गरिए अनुसार) जिन्सीमै प्रदान गर्नेछ । बजेटमा उल्लेख भए अनुसारका जिन्सी सामानको आपूर्ति युनिसेफले गर्नेछ ।

## ९. समयावधि

यस सम्झौतापत्रको अवधी हस्ताक्षर गरेको मिति देखि ३० जुन, २०२० सम्मको लागि हुनेछ ।

## १०. वित्तीय सारांश

| क्षेत्र | नगद कुल जम्मा (ने.रु.) | सामान | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | पालिकाका को योगदान |
|---|---|---|---|---|---|---|
| खानेपानी तथा सरसफाइ | ३१,३३८,३००.०० | | २६,०००,०००.०० | २,६५७,३००.०० | २,६८१,०००.०० | |
| बाल संरक्षण | २,२१५,५५०.०० | | ९७५,५५०.०० | ६६५,०००.०० | ५७५,०००.०० | |
| स्वास्थ्य | ३,०५१,८५०.०० | | १,८६२,८९०.०० | ७०९,४८०.०० | ४७९,४८०.०० | |
| शिक्षा | ६००,०००.०० | | २२५,०००.०० | २२५,०००.०० | १५०,०००.०० | |
| पोषण | ६,१६०,५५०.०० | | २,९१५,०००.०० | १,५४५,५००.०० | १,७००,०५०.०० | |
| बालकेन्द्रित योजना तर्जुमा | २१०,०००.०० | | ७०,०००.०० | ७०,०००.०० | ७०,०००.०० | |
| विपद् जोखिम न्यूनिकरण | १,५२३,५००.०० | | १,३२३,५००.०० | १००,०००.०० | १००,०००.०० | |
| **कुल जम्मा ने.रु.मा** | **४५,०९९,७५०.००** | | **३३,३७१,९४०.००** | **५,९७२,२८०.००** | **५,७५५,५३०.००** | |
| **कुल अमेरिकी डलरमा (११३.२५)** | ३९८,२३१.७९ | | २९४,६७४.९७ | **५२,७३५.३६** | **५०,८२१.४६** | |

**टिप्पणीहरू :**

- प्रत्येक किस्ताको वजेट निकासाका लागि हस्ताक्षर र छाप सहितको विस्तृत आर्थिक विवरण, आधिकारिक पत्र, FACE फारमका साथै कार्यक्रम कार्यान्वयन योजना समेत पेस गर्नुपर्नेछ ।
- कार्यक्रमका क्रियाकलाप सम्पन्न भएपछि आन्तरिक लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि युनिसेफ नेपाललाई बुझाउनुपर्नेछ ।
- तोकिएको कार्यक्रम अवधिभित्र खर्च हुन नसकेको रकम युनिसेफ नेपाललाई फिर्ता गर्नुपर्नेछ ।
- युनिसेफको योगदान अन्तर्गत उल्लेख भएको रकमको भुक्तानी युनिसेफ नेपालमा रकमको उपलब्धताका आधारमा गरिनेछ ।
- यो सम्झौता र यसका अनुसूचीहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ [Local Government Operation Act (LGOA) 2017] र राष्ट्रिय कार्यक्रम कार्ययोजनाको उल्लघंन नहुने गरी दुई पक्षहरूवीचको लिखित सम्झौताद्वारा मात्र हेरफेर गर्न सकिनेछ ।
- हस्ताक्षर गर्ने दुवै पक्षले कुनै पनि प्रकारका दुरूपयोग, शोषण, विभेद, हिंसा, यौन दुर्व्यवहार, अवैध सम्बन्ध, लैङ्गिक विभेद, गैरलोकतान्त्रिक तथा अमानवीय, बालअधिकार बिरुद्ध व्यवहार गर्नेछैनन् । यस संयुक्त सम्झौताका पक्षले इमान्दारी, विश्वसनीयता र नैतिकताको उच्चतम् स्तर कायम गर्नेछन् र कुनै पनि कार्य र विचारहरूमा स्वच्छ, न्यायपूर्ण र खुला विचारका हुनेछन् ।

| छायांनाथ रारा नगरपालिको तर्फबाट : | युनिसेफको तर्फबाट : |
|---|---|
| नाम : **हरि जंग शाही**<br>**नगर प्रमुख**<br>(हस्ताक्षर र मिति) ०१ अगस्ट २०१८ | नाम : [illegible]<br>कार्यालय प्रमुख, फिल्ड अफिस<br>(हस्ताक्षर र मिति) ०१ अगस्ट २०१८ |
| साक्षी :<br>नाम : **पिताम्बर सारु**<br>प्रमुख प्रशासकीय अधिकृत<br>(हस्ताक्षर र मिति) | साक्षी :<br>नाम : [illegible]<br>कार्यक्रम अधिकृत.........<br>(हस्ताक्षर र मिति) |
| नाम : लोकेन्द्र रावत<br>लेखा अधिकृत<br>.........<br>(हस्ताक्षर र मिति) | नाम : [illegible]<br>.........<br>(हस्ताक्षर र मिति) |
| नाम : ललित जङ्ग मल्ल<br>शाखा अधिकृत<br>(हस्ताक्षर र मिति) ०७४।४।१५ | |

*टिप्पणी : नेपाल सरकार र युनिसेफले हस्ताक्षर गरेका राष्ट्रिय कार्यक्रम कार्ययोजनाका बेसलाइन र लक्ष्यहरू समावेश गरिनुपर्ने ।*

अनुसूची क: राष्ट्रिय कार्यक्रमस्तरीय नतिजा मूलक ढाँचा तथा प्रतिफलमा योगदान गर्ने पालिकास्तरीय प्रमुख पहलहरूसहित युनिसेफको सहयोग प्राप्त कार्यक्रमको नतिजा अनुरुप (हरेक पालिकाकालागि रूपान्तरित गरिनुपर्ने)

| नतिजा विवरण | सूचक | बेसलाइन | लक्ष्य | प्रमाणीकरणका साधन |
|---|---|---|---|---|
| **स्वास्थ्य** | | | | |
| **नतिजा १ : सन् २०२२ सम्ममा नवजात शिशु र किशोरकिशोरी लगायत बालबालिका तथा प्रजनन् उमेरका महिलाहरूको उच्च प्रभावकारी गुणस्तरीय स्वास्थ्यजन्य पहलहरू तथा परिष्कृत स्वस्थ व्यवहारमा र सोको प्रयोगमा परिष्कृत तथा समन्यायिक पहुँच हुनेछ ।** | | | | |
| प्रतिफल १.१ : गुणस्तरीय मातृ तथा नवजात शिशु सेवामा समतामुलक पहुँच प्रदान गर्न र स्वस्थ व्यवहारलाई सुधार गर्न संघीय तथा प्रादेशिकसरकारहरू, समुदायहरू र निजी क्षेत्रको क्षमता अभिबृद्धि भएको हुनेछ । | स्वास्थ्य केन्द्रहरूमा इन्जेक्टेबल एन्टिबायोटिकहरूले न्युमोनिया, सेप्सिस वा एक्युट रेस्पिरेट्री सङ्क्रमणको उपचार गरिएका नवजात शिशुहरूको प्रतिशत | ६५% | ८०% | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) |
| | हरेक दिन चौबीसै घण्टा/सातै दिन काम गर्न खटिएका आधारभूत र आकस्मिक प्रसूति तथा नवजात शिशु हेरचाह स्वास्थ्य केन्द्रहरूको प्रतिशत | ८.३०% | १५% | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
| | नवजात शिशुहरूलाई पुनः होसमा ल्याउने क्रियाशील उपकरण (resuscitation equipment) (नवजात शिशुको साइजमा फङ्क्सनल ब्याग र मास्क) सहित प्रसव सेवा प्रदान गर्ने स्वास्थ्य केन्द्रहरूको प्रतिशत | २४.८०% | ४५% | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
| **प्रमुख कार्यक्रमहरु :** | | | | |
| प्रतिफल १.२ : गुणस्तरीय बालस्वास्थ्य सेवामा समतामुलक पहुँच प्रदान गर्न र स्वस्थ व्यवहारलाई परिष्कृत गर्न संघीय तथा प्रादेशिक सरकारहरू, समुदायहरू र निजी क्षेत्रको क्षमता अभिबृद्धि भएको हुनेछ । | विद्युतीय तापक्रम अनुगमन प्रणाली भएको कोल्ड चेन उपकरणको प्रतिसत | २५% | ८०% | अनलाइन सूचना व्यवस्थापन प्रणाली |
| | पछिल्लो तीन महिनामा नवजात शिशु र बाल अस्वस्थता एकीकृत व्यवस्थापनका लागि अत्यावश्यक वस्तुहरू ( एमोक्सिसिलिन/कोट्रिमाक्सा जोल, जेन्टामाइसिन, ओरल रिहाइड्रेसन सोल्युसन, जिङ्क, क्लोरहेक्सिडाइन) stoke out नभएका वा उपलब्ध भएका स्वास्थ्य केन्द्रहरूको प्रतिशत | २७% | ५०% | आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) |

| नतिजा विवरण | सूचक | बेसलाइन | लक्ष्य | प्रमाणीकरणका साधन |
|---|---|---|---|---|
| | डीपीटी १ र डीपीटी ३ कभरेजबीच छाड्नेहरूको प्रतिशत | ७% | ३% | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
| **प्रमुख कार्यक्रमहरुः** | | | | |
| प्रतिफल १.३ : किशोरकिशोरीहरूका आवश्यकताप्रति संवेदनशील हुने खालका स्वास्थ्य सेवा प्रदान गर्न र स्वस्थ व्यवहारलाई सुधार गर्न संघीय तथा प्रादेशिक सरकारहरू, समुदायहरू र निजी क्षेत्रको अभिबृद्धि भएको हुनेछ | किशोरकिशोरीहरू मैत्री स्वास्थ्य केन्द्रहरूको सङ्ख्या | राष्ट्रिय १,२०० युनिसेफ १९५ | राष्ट्रिय २,००० युनिसेफ ४४५ | परिवार स्वास्थ्य महाशाखा |
| | गर्भावस्थासम्बन्धी चारपटक स्वास्थ्य जाँच गराएका तथा परामर्श पाएका गर्भवती किशोरकिशोरीहरूको **सङ्ख्या** | ७३.५०% | ९०% | राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| | युनिसेफका लक्षित क्षेत्रमा एचआइभी/एड्ससम्बन्धी विस्तृत ज्ञान भएका १५ देखि १९ वर्षका किशोरकिशोरीहरूको प्रतिशत | १८.३% (केटाहरू) २४.३% (केटीहरू) | ५०% (केटा र केटी) | राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण /बहु सुचक cluster सर्भेक्षण |
| **प्रमुख कार्यक्रमहरु :** | | | | |
| प्रतिफल १.४ : विपद् तथा जलवायु परिवर्तनका असरलाई सम्बोधन तथा न्युनिकरण गर्नका लागि योजना बनाउन विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहीकरण लगायत स्वास्थ्य प्रणालीहरूलाई सुधार्नका लागि कानून, योजना र बजेट बनाउन राष्ट्रिय तथा क्षेत्रीय सरकारहरूको क्षमता बढेको हुनेछ | केसहरू, मेडिकल सामान तथा औषधीहरूको मौज्दातबारे रिपोर्टिङ् गर्न विद्युतीय प्रणालीहरू (ई-आपूर्तिसूचना व्यवस्थापन प्रणाली) भएका स्वास्थ्य केन्द्रहरूको अनुपात | ०% | १००% | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
| | स्वच्छ पानीको परिष्कृत स्रोत र क्रियाशील सरसफाइ तथा सुविधा भएका स्वास्थ्योपचार केन्द्रहरू | ८१ % | ८५% | स्वास्थ्य सुविधा सर्वेक्षण |
| | जोखिम न्यूनीकरण, उत्थानशीलता र जलवायु परिवर्तन मूलप्रवाहीकरण सहितको राष्ट्रिय स्वास्थ्य रणनीति र योजनाहरू उपलब्धता | ० | १ | नेपाल स्वास्थ्य क्षेत्र रणनीति-कार्यान्वयन योजना (NHSS-IP) |

कार्यालय ... नगर कार्यपालिकाको कार्यालय

UNITED NATIONS CHILDREN'S FUND ★ NEPAL ★

| पोषण | | | | |
|---|---|---|---|---|
| **नतिजा विवरण** | **सूचक** | **बेसलाइन** | **लक्ष्य** | **प्रमाणीकरणका साधन** |
| **नतिजा २ : सन् २०२२ सम्ममा बालबालिका किशोरी र प्रजनन उमेरका महिलाहरूको पर्याप्त पौष्टिक आहार तथा परिष्कृत पोषण सम्बन्धि व्यवहार ,स्याहार तथा सोको प्रयोगमा परिष्कृत तथा समतामुलक पहुँच हुनेछ ।** | | | | |
| प्रतिफल २.१ : सन् २०२२ सम्ममा स्याहारकर्ता र समुदायहरुमा परिष्कृत मातृ शिशु तथा बाल्यकालिन पोषण तथा हेरचाह सम्बन्धी ज्ञान र सीप बढेको हुनेछ | मातृ शिशु तथा बाल्यकालिन पोषण तथा परामर्श सम्बन्धमा तालिम प्राप्त सामुदायिक स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंमसेविकाहरुको सङ्ख्या | स्वास्थ्यकर्मीहरू : ७,९०० महिला स्वास्थ्य स्वयंसेविकाहरू : २१,२०० | स्वास्थ्यकर्मीहरू १५,००० महिला स्वास्थ्य स्वयंसेविकाहरू : ३५,२०० | कार्यक्रम अनुगमन तथ्याङ्क |
| | मातृ शिशु तथा बाल्यकालिन पोषण सम्बन्धी परामर्श सेवा प्राप्त गरेका ० देखि २३ महिना उमेरका बालबालिकाका स्याहारकर्ताहरूको सङ्ख्या | २५७,६०६ | ७७०,२०० | कार्यक्रम अनुगमन तथ्याङ्क |
| | शिशु तथा बाल्यकालिन पोषण परामर्श, सहयोग र सञ्चार सेवा सम्बन्धी सेवा प्रदान गर्ने स्वास्थय इकाइ (स्वास्थ्य संस्था र गाउँ घर क्लिनिक) को सङ्ख्या | स्वास्थ्य केन्द्रहरू : ० | स्वास्थ्य केन्द्रहरू : २,४७९ | कार्यक्रम प्रतिवेदन |
| **प्रमुख कार्यक्रमहरु :** | | | | |
| प्रतिफल २.२ :सन् २०२२ सम्ममा बिशिष्ठ प्रोटोकलहरू प्रयोग गरी शिध्र कडा कुपोषण भएका बालबालिकाहरुको गुणस्तरीय हेरचाह र उपचार प्रदान गर्न क्षेत्रीय स्तरका स्वास्थकर्मीहरूको क्षमता बढेको हुनेछ । | शिघ्र कुपोषण (SAM) हेरचाह र उपचार सेवा प्रदान गर्ने जिल्लाहरूको सङ्ख्या | ३२ (सन् २०१६) | ४२ | तीव्र कुपोषणको समुदायमा आधारित व्यवस्थापन (CMAM) रजिस्टर, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (एचएमआइएस) |
| | शिध् कडा कुपोषण (SAM) उपचारका लागि SPHERE मापदण्डमा (निको हुने दर >७५% ,त्रिुटी हुने दर <१५%र मृत्यु दर <५% मृ) पुग्ने जिल्लाहरूको सङ्ख्या | ३२ (सन् २०१६) | ४२ | CMAM रजिस्टर, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
| | शिध्र कडा कुपोषण भएका बालबालिकाको उपचार र शिशु बाल्यकालिन पोषण परामर्श सम्बन्धी तालिम प्राप्त भएका २८ वटा बहुक्षेत्रीय पोषण योजना जिल्लाका सामुदायिक स्वास्थ्यकर्मि र महिला स्वास्थ्य स्वयंम सेविकाहरुको संख्या | य | स्वास्थ्यकर्मीहरू : १२,००० महिला स्वास्थ्य स्वयंसेविकाहरू : ३०,२०० | कार्यक्रम प्रतिवेदन, वार्षिक प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| **प्रमुख कार्यक्रमहरु :** | | | | |
| प्रतिफल २.३ : सन् २०२२ सम्ममा सूक्ष्म पौष्टिक तत्वहरूको मागलाई प्रेरित गर्न र पूरक (भिटामिन ए, आइरन फोलिक एसिड, सूक्ष्म पोषक तत्व पाउडर) प्रदान गर्न र आरक्षित खाद्य ( आयोडिनयुक्त नुन, गहुँको पिठो) तथा विविधकृत आहारको मागलाई प्रेरित गर्न स्वास्थ्यकर्मीहरू, महिला स्वास्थ्य स्वयंम सेविकार समुदायहरूको क्षमता अभिबृद्धि भएको हुनेछ | बहु पौष्टिक पाउडर( बाल भिटा) प्राप्त गरेका बालबालिकाहरूको सङ्ख्या । | २८,३९६ (३%) राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११) | १,८९,३०८ ( २०%) | राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| | बर्षिक २ डोज भिटामिन ए प्राप्त गरेका ६ देखि ५९ महिना उमेरका बालबालिकाहरूको सङ्ख्या | २३,८३,१ (२०१६) | २५,१५,५८० | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, बहुसूचक क्लस्टर सर्वेक्षण (MICS) |
| | साप्ताहिक रूपमा आइरन, फोलिक एसिड चक्की प्राप्त गर्ने किशोरी (१०-१९ वर्ष) को सङ्ख्या | २,७२,००० (४%) | १३,८५,८०० ( २१%) | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS), स्वास्थ्य सेवा विभाग |
| | १८०+ आइरन फोलिक एसिड चक्की प्राप्त गरेका गर्भवती महिलाहरू (१५-४९ वर्ष) को सङ्ख्या । | ३,१५,६२६ (राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६) | ६,३८,७६७ (राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६) | राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| **प्रमुख कार्यक्रमहरु:** | | | | |
| प्रतिफल २.४ : सन् २०२२ सम्ममा विपद्का असरलाई सम्बोधन गर्न र घटाउनका लागि योजना बनाउन विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण लगायत पोषण पहलहरूलाई सुधार्नका लागि कानून, योजना र बजेट बनाउन बहुक्षेत्रीय पोषण योजनासम्बन्धी सम्बन्धित मन्त्रालयहरू र साझेदारहरूको क्षमता अभिबृद्धि भएको हुनेछ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना उपलब्ध | मस्यौदा | १ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना |
| | राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र समन्वय समिति क्रियाशील छन् | १ (२०१६) | १ (सम्बन्धित साझेदारसँग नियमित बैठक) | राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र समन्वय समिति |
| | बिषयगत क्षेत्रहरुमा पोषणका लागि बजेटविनियोजन % ( पोषण बिशेष र संवेदनशील क्रियाकलापहरू ) | कुल : १.८%<br>• पोषण संवेदनशील : १.५%<br>• पोषण बिशेष : ०.३१% | कुल : ५%<br>• पोषण संवेदनशील : ३.५%<br>• पोषण बिशेष: १.५ | सरकारबाट वार्षिक बजेट विनियोजन ( रातो किताब) |

| | | | | |
|---|---|---|---|---|
| **प्रमुख कार्यक्रमहरु :** | | | | |
| **शिक्षा** | | | | |
| **नतिजा ३ :** सन् २०२२ सम्ममा सबै बालबालिकाहरू विशेष गरी अति विपन्न बालबालिकाहरू समावेशी, सुरक्षित र संरक्षित वातावरणमा पूर्वप्राथमिक तथा आधारभूत शिक्षामा पहुँच वृद्धि तथा सहभागिता र सिकाइ नतिजाहरूबाट लाभान्वित भएका हुनेछन् । | | | | |
| **प्रतिफल ३.१ :** प्रारम्भिक सिकाइका अवसरको (५ वर्षसम्मका बालबालिकाहरूका लागि) पहुँच बढाउन सरकार तथा समुदायहरूको क्षमता अभिबृद्धि भएको हुनेछ । | स्थानीय एकीकृत प्रारम्भिक बालविकास योजना भएका स्थानीय सरकारहरूको सङ्ख्या | ० योजना (सन् २०१६ : साबिकको संरचनाअन्तर्गत २५ जिल्ला) | ५० योजना | दर्ता गरिएका योजना |
| **प्रमुख कार्यक्रमहरु :** | | | | |
| **प्रतिफल ३.२ :** अति विपन्न र दुर्गम क्षेत्रका बालबालिकाहरू विशेष गरी अपाङ्गता भएका तथा घरमा नेपाली भाषा नबोल्नेहरुका लागि गुणस्तरीय आधारभूत शिक्षा (कक्षा १-८) प्रदान गर्न शिक्षा मन्त्राल सक्षम भएको हुनेछ । | स्थानीय सरकारहरूद्वारा बालमैत्री विद्यालय अवधारण (बालकेन्द्रित शिक्षण पद्दतिहरु लगायत) को अवलम्बन, कार्यान्वयन र अनुगमन भएको । | राष्ट्रिय बालमैत्री विद्यालय अवधारणा तयार गरिएको | लक्षित प्रदेशहरूका ५० प्रतिसत स्थानीय तहहरूले बालमैत्री विद्यालय अवधारणाको अवलम्बन, कार्यान्वयन र अनुगमन गर्ने | अनुगमन प्रतिवेदनहरू |
| **प्रमुख कार्यक्रमहरु:** | | | | |
| **प्रतिफल ३.४ :** बालबालिकाको सुरक्षा र उत्थानशीलताको सुधारमा केन्द्रित भई विपद् जोखिम न्यूनीकरण/जलवायु परिवर्तन अनुकूलन र शान्तिक्षेत्र लगायत शिक्षा कार्यक्रमहरूलाई सुधार्नका लागि कानून, योजना तथा बजेट निर्माण तथा अनुगमन गर्न सरकारको क्षमता सुदृढ भएको हुनेछ | राष्ट्रिय समता रणनीतिका लागि कार्यान्वयन योजना भएका स्थानीय सरकारहरूको सङ्ख्या | ० | २०० स्थानीय तह (पुरानो संरचना अन्तर्गत १५वटा जिल्ला) | समता रणनीति कार्यान्वयन योजनाहरू |
| | विपद व्यवस्थापन योजना तथा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेका स्थानीय तह तथा विद्यालय | स्थानीय तहः ० विद्यालयः १४१ | स्थानीय तहः ३० विद्यालयः ८०० | |

कार्यालय नगर कार्यपालिकाको कार्यालय ... कर्णाली प्रदेश नेपाल

UNITED NATIONS CHILDREN'S FUND ★ NEPAL ★

| | | | | |
|---|---|---|---|---|
| **बालसंरक्षण** | | | | |
| **नतिजा ४ : सन् २०२२ सम्ममा बालबालिका तथा किशोरकिशोरीहरू सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण पाउनेछन् ।** | | | | |
| प्रतिफल ४.१ : बालसंरक्षणका विषयलाई रोकथाम तथा सम्बोधनका लागि कानून, योजना तथा बजेट बनाउन मानविय बिपदको अवस्थामा समेत राज्यका संस्था र अन्य साझेदारहरूको क्षमता बढेको हुनेछ । | बालसंरक्षण प्रणाली नक्शांकन प्रतिवेदन ( सीपीएसएमआर) २०१५ का ६६ सिफारिस र बालसंरक्षण बाल अधिकार सम्बन्धी माहासन्धी २०१६ का ३२ निश्किर्ष सुभावहरु कानून, नीति वा योजनाहरूमा सम्बोधन गरेका हुने | १२ ( ८ सीपीएसएमआर : ४ सीआरसी सिफारिसहरु ) १२ % | २७ (२७%) | बालबालिका सम्बन्धी ऐन, बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजना, सरकारका वार्षिक योजना तथा नेपाल को प्रतिवेदनमा बालबालिकाको अवस्था |
| | बालबालिकाको घटना व्यवस्थापन अन्तर्गत आवश्यक ६ तत्वहरु ( सिफारिस प्रकृया, बिशिष्ट आधार र कार्यविधि, योग्य सामाजिक कार्यकर्ता, सम्बन्धित व्यक्ति तथा संस्थाका लागि निर्धारित भूमिका, औपचारिक सर्वोत्तम हित निर्धारण कार्यविधि र सूचना व्यवस्थापन प्रणाली) सहितको राष्ट्रिय घटना व्यवस्थापन प्रणाली स्थापित हुने | १ ( बिशिष्ट आधार र कार्यविधि ) २०१३ /१४ | ६ तत्व समावेश गरिएका । | अन्तरनिकाय बैठक निर्णय पुस्तिका, घटना व्यवस्थापन निर्देशिका २०१३/१४ र त्यसपछि बनेका निर्देशिकाहरु |
| | बालसंरक्षण सँग सम्बन्धीत प्रशासनिक तथ्याङ्क नियमित रूपमा सङ्कलन र विश्लेषण गर्न सूचना व्यवस्थापन प्रणाली स्थापित भएको | कुनै पनि स्थानीय तह, प्रादेशिक वा सङ्घीय ( सन् २०१७) मा नभएको | ५० स्थानीय तह र ४ प्रादेशिक तथा सङ्घीय तहमा | बालसंरक्षण क्षेत्र सूचना व्यवस्थापन प्रणालीबाट तयार गरिएको प्रतिवेदन |
| | सरकारका वार्षिक योजनामा संरक्षण बिषयगत क्षेत्रको रणनीतिक कार्ययोजनामा प्राथमिकताका कार्यकमहरु समावेस गरिएका | गरिएको ( २०१७) | गरिएको | सरकारको वार्षिक योजना र प्रगति प्रतिवेदन, संरक्षण क्लस्टर बैठक निर्णय पुस्तिका |
| | धर्मिक संस्थाहरूमा रहेका लगायत आवासीय हेरचाहमा रहेका बालबालिकाहरूको सङ्ख्या | २३,५७२ ( २०१६) (१००%) | २१,००० ( सन् २०२२) (११% कमी) | नेपाल प्रतिवेदन केस सारांश प्रतिवेदनहरूमा बालबालिकाहरूको अवस्था |
| **प्रमुख कार्यक्रमहरु :** | | | | |
| प्रतिफल ४.२ : बालबालिका विरुद्धको हिंसा र शोषणलाई रोकथाम तथा सम्बोधन गर्न बालबालिका, परिवार, स्याहारकर्ता, शिक्षक, समुदाय र राज्यका | महिला तथा बालबालिका कार्यालयहरूमा दर्ता भएका बालबालिका तथा महिलाहरू सम्बन्धि मुद्धाको सङ्ख्या | ३५ प्राथमिकताका जिल्लामा २,५६५ प्रतिवर्ष ( सन् २०१६) | लक्षित स्थानीय तहहरूमा ३,००० प्रतिवर्ष ( १७% वृद्धि) | महिला तथा बालबालिका विभाग र महिला तथा बालबालिका कार्यालयहरूका प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| निकायको ज्ञान, सीप तथा क्षमता अभिबृद्धि भएको हुनेछ । | | | (सन् २०२२) | |
| | हिंसा तथा शोषण (लैङ्गिकतामा आधारित हिंसा, हिंसात्मक अनुशासन, बालश्रम, बालबालिका ओसारपसार र बालविवाह) लाई रोकथाम र सम्बोधन गर्नका लागि आवश्यक उपायहरूबारे सामुदायिक समूहहरूका सदस्यहरू (लैङ्गिकतामा आधारित हिंसासम्बन्धी कार्यरत महिला समूह, महिला सहकारी संस्था, महिला हिंसा निगरानी समुह, वडा समिति, बालसंरक्षण समिति, बालक्लब, किशोरकिशोरी समूहहरू) प्रशिक्षित | ३५ लक्षित जिल्लामा महिला हिंसा निगरानी समूहका २४,९६९ सदस्यमध्ये ४,६३२ सदस्य (१९%) प्रशिक्षित (सन् २०१६) | लक्षित स्थानीय तहहरूमा लैङ्गिक हिंसा निगरानी समूहका २४,९६९ सदस्यमध्ये १२,००० सदस्य (४८%) प्रशिक्षित (सन् २०२२) | महिला तथा बालबालिका विभाग/महिला तथा बालबालिका कार्यालयका प्रतिवेदन,र पालिकाका प्रतिवेदन |
| **प्रमुख कार्यक्रमहरु:** | | | | |
| प्रतिफल ४.३ : न्याय प्रणालीको सम्पर्कमा रहेका बालबालिकाहरूको संरक्षण गर्नका लागि बालमैत्री तथा लैङ्गिक संवेदनशील सेवा प्रदान गर्न न्याय तथा सुरक्षा मा कार्यरत निकायहरुको (professionals)_ ज्ञान र क्षमता अभिबृद्धि भएको हुनेछ | प्रहरीद्वारा दर्ता गरिएका महिला तथा बालबालिकाविरुद्धका हिंसाका घटना (बलत्कार, ओसारपसार, बालविवाह, घरेलु हिंसा) को सङ्ख्या | ८,७८४ प्रतिवर्ष (सन् २०१४/१५ अनुसार) | १०,००० प्रतिवर्ष (सन् २०२१४/२२ मा) (१४% वृद्धि) | नेपाल प्रहरी/महिला, बालबालिका तथा समाजकल्याण परिषद् |
| | कानुनको (न्यायिक) बिवादमा परेका बालबालिकाहरुको न्यायिक उपचारका लागि संयन्त्र स्थापना | नरहेको | छ | न्यायिक अधिकारीहरू द्वारा उचित कानून/नीतिको, अभिलेखिकरण |
| | डाइभर्सन तथा पुनस्थापकिय न्याय लगायत बालमैत्री तथा लैङ्गिक संवेदनशील न्यायको सम्बन्धमा न्यायकर्मी तथा सुरक्षाकर्मीहरू को क्षमता अभिबृद्धि भएको | ४,७३१ मध्ये १,५०० (३२%) | ४,७३१ मध्ये ३,००० (६३%) | बाल न्याय समन्वय समिति (जेजेसीसी), महान्याधिवक्ताको कार्यालय, नेपाल प्रहरी महिला तथा बालबालिका सेवा निर्देशनालय र सेवा केन्द्रहरू, राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रतिवेदनहरू |

| नतिजा विवरण | सूचक | बेसलाइन | लक्ष्य | प्रमाणीकरणका साधन |
|---|---|---|---|---|
| **प्रमुख कार्यक्रमहरु:** | | | | |
| **खानेपानी, सरसफाइ र स्वच्छता** | | | | |
| **नतिजा ५: सन् २०२२ सम्ममा बालबालिका तथा सम्बन्धित परिवारको सुरक्षित तथा दिगो खानेपानी र सरसफाइका सेवाहरुमा समतामुलक पहुँच र प्रयोग भै स्वच्छता सम्बन्धि अभ्यास तथा बानि व्यवहारमा सुधार भएको हुनेछ ।** | | | | |
| प्रतिफल ५.१ : पानीको गुणस्तर तथा सूचारुपनामा सुधारका लागि आवश्यक क्षमताको अभिबृद्धि भै दिगो र सुरक्षित पानीको बितारण भएको हुनेछ ( विद्यालय र स्वास्थ्य संस्थाहरूमा समेत)। | खानेपानी सुरक्षा योजना लागु भई संचालनमा आएका आयोजनाहरूको सङ्ख्या | ५०० | १,५०० | |
| | खानेपानी गुणस्तर निगरानी संयन्त्र सञ्चालनमा ल्याएका स्थानीय सरकारहरू (गाउँपालिका र नगरपालिका) को सङ्ख्या | ० | ५० स्थानीय सरकार | |
| | खानेपानी, सरसफाइ र स्वच्छता योजना अन्तर्गत खानेपानी आपूर्ति प्रणालीको सूचारुपनामा सुधारका लागि कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याएका स्थानीय सरकारहरू (गाउँपालिका र नगरपालिका) को सङ्ख्या | ० | ६० स्थानीय सरकार | |
| | खानेपानीको पहुँच बाहिर रहेका जनसंख्यालाई खानेपानीमा पहुँच पुर्‍याउने लक्ष्य सहितको राष्ट्रिय कार्य योजना भएको | छैन | १ राष्ट्रिय स्तरको योजना | |
| प्रतिफल ५.२ : घरायसी तथा संस्थागत तहमा सुरक्षित एवं दिगो सरसफाइ र स्वच्छता सुविधामा पहुँच पुऱ्याउन यस क्षेत्रका सरोकारवालाहरूको क्षमता अभिबृद्धि भएको हुनेछ | आधारभुत शौचालयहरूमा पहुँच पुगेको को सङ्ख्या | ० | ५,००,००० व्यक्ति | |
| | बाल बालिकाहरुको दिसाको उचित विर्सजनका साथै सरसफाइ र स्वच्छता सम्बन्धि ज्ञान भएका आमा र स्याहारकर्ताहरूको अनुपात | ४८% | ६०% | |
| | पूर्ण सरसफाइको अवस्था हासिल गर्नका लागि कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने स्थानीय सरकारहरू ( गाउँपालिका र नगरपालिका) को सङ्ख्या | ० | ६० स्थानीय सरकार | |
| | तीन तारे पद्धतिका (विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता) बारेमा क्षमता अभिबृद्धि भएका स्थानीय सरकारहरू ( गाउँपालिका र नगरपालिका) को सङ्ख्या | ० | ६० स्थानीय सरकार | |
| प्रतिफल ५.३ : विपद् जोखिम व्यवस्थापनको मूलप्रवाहीकरण लगायत खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रणाली सुधारका लागि नीति, योजना र बजेट बनाउन क्षमता बढेको हुनेछ । | क्षमता विकास गुरुयोजना तयार गरिएको र प्रादेशिक तथा स्थानीय सरकारी तहमा कार्यान्वयन गरिएको | ० | १ राष्ट्रिय, २ प्रादेशिक र ६० स्थानीय सरकारी योजनाहरू | |
| | क्षेत्रगत कार्यसम्पादन अनुगमन प्रणाली तर्जुमा गरिएको | ० | १ | |

| नतिजा विवरण | सूचक | बेसलाइन | लक्ष्य | प्रमाणीकरणका साधन |
|---|---|---|---|---|
| **प्रमुख कार्यक्रमहरु:** | | | | |
| **कार्यक्रमको प्रभावकारिता** | | | | |
| **नतिजा ७: बालबालिकाहरूलाई सर्वाङ्गीण ढङ्गले दिगो नतिजा प्रवाह गर्न राष्ट्रिय कार्यक्रम प्रभावकारी तथा सक्षम ढङ्गले डिजाइन, कार्यान्वयन, समन्वय र अनुगमन गरिन्छ ।** | | | | |
| प्रतिफल ७.३: जोखिम न्यूनीकरण र आकस्मिकता | तयार गरिएका र स्थानीय सरकारको वार्षिक योजनामा समायोजन गरिएका जोखिम प्रोफाइलहरूको सङ्ख्या | ० | ७५ | युनिसेफ नतिजा लेखाजोखा मोडचुल |
| | आकस्मिक प्रतिक्रियाहरूबाट लाभ लिने व्यक्तिहरूको सङ्ख्या | ० | ५०,००० | युनिसेफ नतिजा लेखाजोखा मोडचुल |
| प्रतिफल ७.६ कार्यक्रम समन्वय/योजना तथा अनुगमन | तयार गरिएका र स्थानीय सरकारको वार्षिक योजनामा समायोजन गरिएका जोखिम प्रोफाइलहरूको सङ्ख्या | ५ | ३० | युनिसेफ नतिजा लेखाजोखा मोडचुल |
| | आकस्मिक प्रतिक्रियाहरूबाट लाभ लिने व्यक्तिहरूको सङ्ख्या | निर्धारण गर्न बाँकि | १००% | युनिसेफ नतिजा लेखाजोखा मोडचुल |

UNITED NATIONS CHILDREN'S FUND ★ NEPAL ★

| नतिजा विवरण | सूचक | बेसलाइन | लक्ष्य | प्रमाणीकरणका साधन |
|---|---|---|---|---|
| **प्रमुख कार्यक्रमहरु:** | | | | |
| **कार्यक्रमको प्रभावकारिता** | | | | |
| **नतिजा ७: बालबालिकाहरूलाई सर्वाङ्गीण ढङ्गले दिगो नतिजा प्रवाह गर्न राष्ट्रिय कार्यक्रम प्रभावकारी तथा सक्षम ढङ्गले डिजाइन, कार्यान्वयन, समन्वय र अनुगमन गरिन्छ।** | | | | |
| प्रतिफल ७.३: जोखिम न्यूनीकरण र आकस्मिकता | तयार गरिएका र स्थानीय सरकारको वार्षिक योजनामा समायोजन गरिएका जोखिम प्रोफाइलहरूको सङ्ख्या | ० | ७५ | युनिसेफ नतिजा लेखाजोखा मोडचुल |
| | आकस्मिक प्रतिक्रियाहरूबाट लाभ लिने व्यक्तिहरूको सङ्ख्या | ० | ५०,००० | युनिसेफ नतिजा लेखाजोखा मोडचुल |
| प्रतिफल ७.६ कार्यक्रम समन्वय/योजना तथा अनुगमन | तयार गरिएका र स्थानीय सरकारको वार्षिक योजनामा समायोजन गरिएका जोखिम प्रोफाइलहरूको सङ्ख्या | ५ | ३० | युनिसेफ नतिजा लेखाजोखा मोडचुल |
| | आकस्मिक प्रतिक्रियाहरूबाट लाभ लिने व्यक्तिहरूको सङ्ख्या | निर्धारण गर्न बाँकि | १००% | युनिसेफ नतिजा लेखाजोखा मोडचुल |

कार्यालय ... नगरपालिका नगर कार्यपालिकाको कार्यालय जुम्ला कर्णाली प्रदेश नेपाल

UNITED NATIONS CHILDREN'S FUND ★ NEPAL ★